**मानझुन्डी [stamp] उपभोक्ता समुह**
वढैयाताल ... भोलागौडी, बर्दिया

**काठ ।दाउरा बोलपत्र द्वारा लिलाम बिक्रिको सूचना**
दोस्रो पटक प्रकाशन मिति : २०८२।०३।३० गते सोमबार

यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च. नं. ४२०१ मिति २०८२।०२।१९ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्दीमा रहेको निम्न परिमाणको गोलिया काठ/दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ/दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत उद्योगले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ एक्काईस दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलबत्र खरिद गरि २२ औं दिनको २:०० बजे भित्र दाखिला गर्न आहवान गरिन्छ।

<u>तपसिल</u>

१ वन पैदावको विवरण

**लट नं. १ ( पाईल नं. १)**

| सि. नं. | जात | ग्रेड | गोलिया थान | परिमाण घ. फि. | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | |
| १ | वृक्षारोपण सिसौं | A | १४ | ११८.८५ | ७०० | ८३१९५ | १४२ | १६८७६.७ | |
| २ | वृक्षारोपण सिसौं | B | २८१ | ६७०.७२ | ५०० | ३३५३६० | १४२ | ९५२४२.२४ | |
| जम्मा | | | २९५ | ७८९.५७ | | ४१८५५५ | | ११२११८.९४ | |

**लट नं. ६ ( पाईल नं. ६)**

| सि. नं. | जात | ग्रेड | गोलिया थान | परिमाण घ. फि. | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | |
| १ | वृक्षारोपण सिसौं | A | ३५ | २५६.५३ | ७०० | १७९५७१ | १४२ | ३६४२७.२६ | |
| २ | वृक्षारोपण सिसौं | B | २६६ | ६११.३५ | ५०० | ३०५६७५ | १४२ | ८६८११.७० | |
| जम्मा | | | ३०१ | ८६७.८८ | | ४८५२४६ | | १२३२३८.९६ | |

**लट नं. ८**

| सि. नं. | जात | चट्टा संख्य | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दर | जम्मा | |
| १ | वृक्षारोपण सिसौं दाउरा | ११ | १२००० | १३२००० | १०४५० | ११४९५० | |
| | अन्य दाउरा | ६ | ४००० | २४००० | १०४५० | ६२७०० | |
| | जम्मा | १७ | | १५६००० | | १७७६५० | |

२.बोलपत्र खरिद, दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समयः २०८२।०४।१८ गते कार्यालय समय ५बजे भित्र
(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः २०८२।०४।१९ गते दिउँसो २.०० बजे भित्र

गोपाल सुनार
अध्यक्ष

३. बोलपत्रसाथ कबोल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणीज्य बैंक लि. गुलरिया शाखामा रहेको खाता नं. ४१४०१००००८५२९००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम प्रति लटको रु. १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र उद्योग सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०४।२० गते यस समूहको कार्यालयमा विहान ११.०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट खोलिनेछ ।

८. लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्ध कर सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

गोपाल सुनार
अध्यक्ष